(Related with Decision No. 1895 -2066/12/27)

# दूरसञ्चार ऐन, २०५३ र दूरसञ्चार नियमावली, २०५४ मा संशोधन सुझाव सहितको मस्यौदा र कार्यबिधि विनियमावलीको मस्यौदा गर्नका लागि परामर्श सेवा खरीद सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति ......................)

**दूरसञ्चार ऐन, २०५३ र दूरसञ्चार नियमावली, २०५४ मा संशोधन सुझाव सहितको मस्यौदा र कार्यबिधि विनियमावलीको मस्यौदा गर्ने** बिषयमा नेपाल दूरसञ्चार प्राधिकरणले तयार गरेको कार्य क्षेत्रगत विवरणहरु (Terms of Reference) मा उल्लिखित कार्यहरु गर्न के कति दर रेटमा परामर्श सेवा उपलब्ध गराउन सकिन्छ, परामर्शको गुणस्तीरयताको कसरी प्रत्याभूती दिन सकिन्छ भन्ने कुरा सहीत सेवाको प्रस्तावित मूल्य समेत खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्राधिकरणमा सिलवन्दी दरभाउपत्र पेश गर्नु हुन इच्छुक संस्थाको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण प्राधिकरणको प्रशासन शाखा र **Website : www.nta.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।


नेपाल दूरसञ्चार प्राधिकरण

ब्लू स्टार अफिस कम्प्लेक्स

त्रिपुरेश्वर, काठमाडौं

फोन : ४१०१०३०-३७

**Website : www.nta.gov.np**

**e-mail : ntra@nta.gov.np**

(Related with Decision No. 1895 -2066/12/27)

## दूरसञ्चार ऐन, २०५३ र दूरसञ्चार नियमावली, २०५४ मा संशोधन सुझाव सहितको मस्यौदा र कार्यबिधि विनियमावलीको मस्यौदा गर्नका लागि नियुक्त हुने परामर्शदाताको

## कार्य क्षेत्रगत विवरणहरु (Terms of Reference)

**पृष्ठभूमिः-**

दूरसञ्चार सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन, दूरसञ्चार सेवामा निजि क्षेत्रलाई समेत संलग्न गराउन तथा त्यस्तो सेवालाई नियमित र व्यवस्थित गर्न दूरसञ्चार ऐन, २०५३ र नियमावली, २०५४ लागु गरिएका छन् । यसको लागि एक स्वायत्त नियमन र व्यवस्थापन गर्ने निकाय नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको हो ।

दूरसञ्चार ऐन, २०५३ ले नेपाल दूरसञ्चार प्राधिकरणलाई दूरसञ्चार नीति सम्बन्धमा मुख्यतः सरकारको प्रमुख सल्लाहकार, नीति, निर्माणमा सहयोगी, दूरसञ्चार सेवा सञ्चालनका लागि अनुमतिपत्र प्रदान गर्ने Lisencer, अनुमतिपत्र प्राप्त व्यक्तिहरु वीच समन्वय गर्ने समन्वयकर्ता एवं सहजकर्ता, अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको सेवा सम्बन्धी निरिक्षण गर्ने निरिक्षकको भूमिका (दफा १७) प्रदान गरेको छ । यसका अतिरिक्त विवाद समाधान (दफा १६) र अर्धन्यायीक अधिकार (दफा ४७), आदि अधिकार तोकेको छ ।

न्यायपालिकाबाट सम्पादन गरीने न्याय निरुपण सम्बन्धी परम्परागत मान्यताका वाबजुद विशेष प्रकृतिका विवाद बिशेष प्रकृतिको ज्ञान भएका निकायलाई (जस्तै नेपाल दूरसञ्चार प्राधिकरण) न्यायीक निर्णयको अधिकार दिई न्याय सम्पादन छिटो छरितो गर्न मद्दत गर्ने र सम्बन्धित क्षेत्रको विशेषज्ञताको प्रयोगबाट वास्तविक न्याय पर्न जाने विश्वास गरिएको पाईन्छ । नियामक निकायहरुलाई यस्तो अधिकार दिईएको अन्य देशको प्रचलन र नयां विकसित कानूनी अवधारणाबाट निर्माण भएको ऐनको कार्यान्वयन (खासगरी न्याय सम्पादन गर्ने प्रक्रियाका) सम्बन्धमा कार्यविधिको प्रक्रियागत ढांचाको अभाव, क्षेत्राधिकारको यदाकदा द्विविधा र अस्पष्टता पाईएको छ । त्यसले न्यायीक सम्पादनको प्रक्रियालाई सरल/सहज र स्पष्ट गर्न भै रहेको कानूनी व्यवस्थाका सैद्दान्तिक एवं व्यावहारिक पक्षको समेत मूल्यांकन गरी ऐन नियमको पूनरावलोकन गर्न आवश्यक देखिएको छ । अन्य अर्धन्यायीक निकायले अवलम्वन गरेका कार्यविधिगत प्रक्रिया र नेपाल दूरसञ्चार प्राधिकरणले अपनाउने कार्यविधिगत प्रक्रियाको सामिप्यता पहिचान गर्न र प्रचलित न्यायीक सिद्दान्तको आधारमा दूरसञ्चार ऐन र नियमावलीमा सुधार गर्नुपर्ने भए सो सुधारको क्षेत्र पहिचान गरी ऐनले दिएको अधिकारको प्रयोग, पालना र कार्यान्वयन गर्नका लागि दूरसञ्चार प्राधिकरणले बिशिष्ट कानूनबिदहरुसंग छलफल गर्दा ऐन र नियमावलीमा कमि रहेको, ऐन र नियमावलीमा संशोधन गर्नु पर्ने र कार्यबिधि निर्माण गर्नु पर्ने लगायत बिबिध राय सूझाव प्राप्त भएका छन ।

साथै सूचना तथा सञ्चार प्रविधि खास गरी मोबाइल टेलिफोन प्रयोग गरी अपराध गर्ने अभियुक्त वा संकास्पद व्यक्ति पहिचान गर्न वा अपराध समुह बीच अपराध सम्बन्धमा हुने कुराकानी, सञ्चार आदि ग्रहण (Intercept) गरी अपराध अनुसन्धान, अपराध नियन्त्रणमा सहयोग पु-याउन दूरसञ्चार ऐनको दफा १९ को व्यवस्थाबाट सकिने हो वा अन्य कानूनी व्यवस्था गर्नुपर्ने भए सो सम्बन्धी विकसित मूलूकहरुको प्रचलनको अध्ययन गरी Lawful Interception सम्बन्धी प्रष्ट अवधारणाको खांचो अनुभुति गरिएको र सूरक्षा लगायत बिबिध क्षेत्रबाट प्रस्तुत बिषयमा राय सूझाव प्राप्त भएका छन ।

तसर्थ प्राधिकरणले कानूनबिदहरुसंग आयोजना गरेको अन्तरक्रिया कार्यक्रम र सूरक्षा लगायत बिबिध क्षेत्रबाट दूरसञ्चार ऐनको दफा १७, १९ र ४७ को प्रयोग सम्बन्धमा आएका विविध सुझावलाई मध्यनजर गर्दा प्राधिकरणले अनुमतिपत्र नलिई दूरसञ्चार सेवा सञ्चालन गर्ने, दूरसञ्चार सेवाको दुरुपयोग गर्ने व्यक्तिलाई कारवाही गर्न एवं अपराध अनुसन्धान र अपराध नियन्त्रणमा सहयोग पु-याउन दूरसञ्चार ऐनमा गर्नु पर्ने संशोधनका बिषय, तत् सम्बन्धमा मौजुदा दूरसञ्चार ऐन बमोजिम दूरसञ्चार नियमावली संशोधन गरेर कार्यान्वयन गर्न सकिने विषय र मौजुदा दूरसञ्चार ऐन, नियम बमोजिम कार्यविधि विनियमावली तर्जुमा गरेर कार्यान्वयन (दफा ४७) गर्न सकिने विषय पहिचान गरी दूरसञ्चार ऐन, नियम संशोधन मस्यौदा गर्ने र दफा १९ को ब्यबस्था र Lawful Interception सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलनलाई मध्यनजर गरि नेपालमा Lawful Interception सम्बन्धी के कस्तो कार्यविधि विनियमावलीको मस्यौदा गर्न उपयुक्त हुन्छ सो बिषयमा परामर्शदाताबाट राय सुझाव प्राप्त गर्ने उद्देश्यले यो कार्य क्षेत्रगत विवरणहरु (Terms of Reference) सहित परामर्शदाता छनौटका लागि सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरिएको छ ।

## १. परामर्शदाता नियूक्तिको उद्देश्यः-

माथि उल्लेखित पृष्ठभूमिमा (१) दूरसञ्चार ऐन, २०५३ को परिच्छेद १० को व्यवस्थाको प्रयोग र कार्यान्वयन विधि र Lawful Interception सम्बन्धमा दूरसञ्चार ऐन, २०५३ मा समय सापेक्ष संशोधनको मस्यौदा गर्ने, (२) मौजुदा ऐनको दफा १९ र ४७ को व्यबस्थाबाट दूरसञ्चार नियमावली संशोधन गरी कार्यान्वयन गर्न सकिने विषय पहिचान गरी दूरसञ्चार नियमावलीको संशोधन मस्यौदा तयार गर्ने र (३) ऐन नियमको अधिनमा रहि दफा १९ को कार्यान्वयनका लागि Lawful Interception सम्बन्धी कार्यविधि र १७ र ४७ को कार्यान्वयनका लागि कार्यविधि विनियमावलीको निर्माण सम्बन्धमा अध्ययन गरी परामर्शदाताबाट मस्यौदा सहितको राय सुझाव लिने ।

## २. परामर्शदाताले सम्पादन गर्नु पर्ने कार्य क्षेत्रगत विवरणहरु (Terms of Reference) :-

परामर्शदाताले सम्बिन्धत ऐन, नियम, अर्न्तराष्ट्रिय प्रचलन र नेपाल दूरसञ्चार प्राधिकरणले गरेको अर्न्तक्रियामा प्राप्त भएको सुझाव सहितको प्रतिवेदनको आधारमा देहाय बमोजिमको काम गर्नु पर्नेछ :

१ दूरसञ्चार ऐन, २०५३ को परिच्छेद १० को व्यवस्थाको कृयाशिलताको लागि संशोधन गर्नु पर्ने विषय पहिचान गर्ने र ऐनको कुन कुन दफामा के कस्तो संशोधन आवश्यक हुन्छ सो को अध्ययन गरि संशोधन (तिन महले सहित) मस्यौदा तयार गर्ने ।

२ मौजुदा दूरसञ्चार ऐन, २०५३ को अधिनमा रहि दूरसञ्चार नियमावली, २०५४ संशोधन गरी ऐनको परिच्छेद १० को व्यवस्था कृयाशिल गर्न सकिने विषयमा दूरसञ्चार नियमावली, २०५४ मा संशोधन (तिन महले सहित) मस्यौदा तयार गर्ने ।

३ नेपाल दूरसञ्चार प्राधिकरणले लागू गरेको नेपाल दूरसंचार प्राधिकरणको (कार्यविधि सम्बन्धी) विनियमावली, २०५९ दूरसञ्चार ऐन, २०५३ र दूरसञ्चार नियमावली, २०५४ अनुकुल रहे नरहेको अध्ययन गरी ऐनको दफा ४७ को उपदफा (१) देखि उपदफा (४) सम्मको व्यवस्थालाई कृयाशिल गर्न त्यस्तो कार्यविधि विनियमावली तर्जुमा गर्न सकिने नसकिने राय सहित विनियमावलीमा ब्यवस्था गरी कार्यान्वयन गर्न सकिने विषयमा मौजुदा नेपाल दूरसंचार प्राधिकरणको (कार्यविधि सम्बन्धी) विनियमावली, २०५९ को प्रावधान पर्याप्त भए नभएको किटान गरि सो को लागि उक्त विनियमावली मा संशोधन (तिन महले सहित) मस्यौदा तयार गर्ने ।

४ मौजुदा ऐनको व्यवस्थाबाट दूरसञ्चार ऐन बमोजिम अनुमतिपत्र नलिई अनधिकृत रुपमा सेवा सञ्चालन गरेका संस्था/व्यक्तिको घरजग्गा उपकरण रहेको स्थानमा छापा मार्ने लगायत के कस्तो विधि अवलम्बन गरी गैरकानूनी VOIP, Call Bypass जस्ता कार्यलाई निरुत्साहित गर्न सकिन्छ ? ऐन नियममा के कस्तो थप व्यवस्था गर्नु पर्छ ? अन्तर्राष्ट्रिय प्रचलनलाई मध्यनजर गरि उपयुक्त राय सुझाव सहित संशोधन मस्यौदा दिने ।

५ न्यायीक निरुपणको लागि कार्यविधि के कस्तो निर्धारण गर्नु पर्दछ ? दूरसञ्चार ऐन, २०५३ को परिच्छेद १० को कारवाहीको प्रक्रिया प्राधिकरणले नै शुरु गर्ने वा सो को लागि अलग निकाय स्थापना गर्न उपयुक्त हुने ? सो सम्बन्धमा समेत अन्तर्राष्ट्रिय प्रचलनलाई मध्यनजर गरि उपयुक्त राय सुझाव दिने ।

६ Lawful Interception को व्यवस्था गर्न ऐनको दफा १९ पर्याप्त छ वा छैन ? छैन भने ऐन, नियमावलीमा के कस्तो संशोधन आवश्यक हुन्छ र के कस्तो कार्यविधि निर्माण गर्नु पर्ने हो सो को कार्यविधि नियमावलीको मस्यौदा गर्ने ।

## ३. अध्ययन कार्यको समयावधिः-

परामर्शदाताले सम्झौता गरेपछि देहायको अवधिमा देहायको प्रतिवेदन पेश गर्नु पर्नेछः

१ परामर्शदाताले सम्झौता गरेको मितिले १० दिन भित्र (प्राधिकरणको कानून शाखासंग सम्पर्क र छलफल गरी) प्रतिवेदनको अवधारणापत्रको प्रारम्भिक प्रतिवेदन ।

२ सम्झौता गरेको मितिले चालिस (४०) दिन भित्र अन्तरीम प्रतिवेदन ।

३ सम्झौता गरेको मितिले सत्तरी (७०) दिन भित्रमा प्राधिकरणले तोकेका प्राधिकरणका पदाधिकारी, कर्मचारी एवं सरोकारवालासंग अन्तरिम प्रतिवेदन माथि छलफल आयोजना गर्ने ।

४ छलफल कार्यक्रम सम्पन्न भएको मितिले १५ दिन भित्र अन्तिम प्रतिवेदन ।

५ परामर्शदाताले जम्मा ९० दिन भित्र सम्पूर्ण मस्यौदाहरु र राय पेश गर्नु पर्नेछ ।

**नोटः-** परामर्शदाताले सम्झौता अवधिभित्र जुनसुकै बेला पनि कार्यक्षेत्रगत विवरणसंग सम्बन्धित विषयमा प्राधिकरणको जिज्ञासाहरुलाई सम्बोधन गर्नु पर्नेछ ।

## ४. अध्ययन प्रतिवेदनमा संलग्न गर्नु पर्ने कागजातहरुः-

परामर्शदाताले सम्झौता गरेको मितिले ९० दिन भित्रमा **परामर्शदाताले सम्पादन गर्नु पर्ने कार्य क्षेत्रगत विवरणहरुको (Terms of Reference)** शीर्षकमा उल्लिखित सबै बिषय सम्बोधन गरी देहायका विषयका अलग अलग मस्यौदा सहित अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछः-

१ दूरसञ्चार ऐन २०५३ को संशोधन सूझाव सहित मस्यौदा, (तिन महले सहित)

२ दूरसञ्चार नियमावली, २०५४ संशोधन सूझाव सहित मस्यौदा, (तिन महले सहित)

३ Lawful Interception सम्बन्धी कार्यविधि नियमावलीको मस्यौदा,

४ मौजुदा नेपाल दूरसंचार प्राधिकरणको (कार्यविधि सम्बन्धी) विनियमावली, २०५९ मा संशोधन (तिन महले सहित) मस्यौदा वा दूरसञ्चार ऐन, २०५३ र दूरसञ्चार नियमावली, २०५४ बमोजिम ऐनको दफा १७ र दफा ४७ को उपदफा (१) देखि उपदफा (४) सम्मको व्यवस्थालाई कृयाशिल आवश्यक कार्यविधि नियमावलीको मस्यौदा

५ दूरसञ्चार ऐन, २०५३ को परिच्छेद १० को दण्ड सजाय र कारवाहीको मौजुदा व्यबस्था (प्राधिकरणले दण्ड सजाय गर्ने) मा कुनै परिवर्तन गर्नु पर्ने वा सो को लागि अलग निकाय स्थापना गर्न उपयुक्त हुने ? सो सम्बन्धमा समेत अन्तर्राष्ट्रिय प्रचलनलाई मध्यनजर गरि उपयुक्त राय सुझाव दिने ।

५. परामर्शदाताको निवेदन, योग्यता तथा छनौटको आधार :-

५.१ परामर्शसेवाको लागि निवेदन दिनुपर्ने:- परामर्श सेवा दिन चाहने संस्थाले (निवेदक) सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा **सम्पादन गर्नु पर्ने कार्य क्षेत्रगत विवरणहरु (Terms of Reference)** मा उल्लेखित कार्य गर्न कार्यालय समय भित्र प्राधिकरणमा देहायको कुरा खुलाइ सिलवन्दी दरभाउपत्र सहित निवेदन दिनुपर्नेछ :-

१ निवेदक संस्थाको संस्था दर्ता प्रमाणपत्र, परामर्श कार्यमा सहभागी हुने व्यक्तिको व्यक्तिगत विवरण (Resume) शैक्षिक योग्यता तथा अनुभवका प्रमाणपत्रका प्रतिलिपिहरु,

२ निवेदकको स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र,

३ प्रस्तुत विषयमा कार्ययोजना सहितको प्रस्ताव (२ प्रति),

४ निवेदकले परामर्श सेवा उपलव्ध गराउन माग गरेको दर रेट सहितको मूल्य,

५ कानून विषयको अध्ययन अनुसन्धानमा संलग्न रहेको पुर्व विवरण र

६ निवेदकले निवेदनसाथ जमानत (Guarantee) वापत नेपाली रुपैया ५,०००।- प्राधिकरणको कान्तिपथस्थित नविल बैंकमा रहेको खाता नं. ०१०६०११६६४२०१ मा वा नेपाल दूरसंचार प्राधिकरणमा जम्मा गरी बैंक भौचर पेश गर्नु पर्नेछ ।

५.२ परामर्शको कार्यमा संलग्न रहने विशेषज्ञको योग्यता:- निवेदकको न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

१ कानूनमा स्नातक गरेको र सम्बन्धित कानून (दूरसञ्चार) को क्षेत्रमा दखल प्राप्त । ( ऐन नियमको मस्यौदको पुर्व अनुभव भएका व्यक्तिलाई प्राथमिकता दिन सकिनेछ ।)

२ कम्तिमा २५ बर्ष कानून व्यावसायी वा कानूनको प्राध्यापन गरेको अनुभव हासिल गरेको ।

५.३ <u>छनौटका आधारः</u>

१ प्रस्तावित कार्ययोजना, विषय बस्तुको ज्ञान, अनुभव र परामर्श सेवाको लागि परामर्शदाताबाट माग गरिएको न्यूनतम रकमको आधारमा प्रस्तावको मूल्यांकन गरिनेछ ।

२ छनौट भएको परामर्शदाताले तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दोश्रो उत्कृष्ट परामर्शदातासंग सम्झौता गर्न सकिनेछ ।

६. **सम्झौताका शर्तहरु :-**

प्राधिकरणले प्राप्त भएको निवेदन उपर मूल्यांकन गरी सवैभन्दा कम रकममा काम गर्ने संस्थालाई सम्झौता गर्न सात दिनको सूचना पठाउने छ । सो म्याद भित्र छनौट भएको संस्थाले देहायको शर्तहरु पुरा गरी सम्झौता गर्न आउनु पर्नेछ :

१ प्राधिकरणले सम्झौता गर्न सूचना गरेको पत्र प्राप्त गरेको मितिले सात दिन भित्र सम्झौता गर्न प्राधिकरणमा सम्पर्क राख्नु पर्नेछ ।

२ छनौट भएका परामर्शदाताले सात दिन भित्र सम्झौता गर्न प्राधिकरणमा सम्पर्क राख्न नआएमा निजले राखेको जमानत (Guarantee) जफत गरी दोश्रो उत्कृष्ट परामर्शदातालाई नियुक्त गरिनेछ ।

३ परामर्शदाताले नेपाल दूरसञ्चार प्राधिकरणमा सम्पर्क राखेको तीन दिन भित्र सम्झौताका सर्तहरुमा आपसी छलफल गरी करार सम्झौतामा हस्ताक्षर गरिनेछ ।

७. <u>भुक्तानीका शर्तहरुः</u>

१ परामर्शदाताले अन्तिम प्रतिवेदन पेश गरेपछि प्राधिकरणले माग गरेको विषयमा मस्यौदा र राय सुझाव सहितको प्रतिवेदनको मूल्यांकन गरी सात दिन भित्र कबोल गरेको रकम भुक्तानी गरिनेछ ।

२ अन्तिम प्रतिवेदन उपर कुनै थप सुझाव राय वा कागजातको लागि परामर्शदातालाई अनुरोध भएकोमा सो बमोजिमको सुझाव वा राय वा कागजात प्राप्त भएपछि परामर्शदाताले राखेको जमानत (Guarantee) फुकुवा गरी दिईनेछ ।

८. <u>बिबिधः</u>-

१ प्रस्तुत सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना वा सम्झौता प्राधिकरणले नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६४ बमोजिम जुनसुकै बखत स्थगित गर्न वा खारेज गर्न सक्नेछ ।

२ सम्झौताको अन्त्य र सो को उपचार सम्बन्धी कुरामा नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६४ को बिनियम ९४ बमोजिम हुनेछ ।